लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भलाद्मीडाँडा, नुवाकोट

वागमती प्रदेश, नेपाल

प.स. प्रशासन २०८२/०८३

च.नं. १५३८

मिति: २०८३।०२।२२

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुवाकोट वागमती प्रदेश, नेपाल २०७३

**विषय : सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै)
लिखु गाउँपालिका, नुवाकोट ।

प्रस्तुत विषयमा लिखु गाउँपालिकाबाट चालु आ.व. २०८२/०८३ मा सम्पादित क्रियाकलाप, नागरिकहरुलाइ प्रदान गरिएको सेवा सुविधा लगायत लिखु गाउँपालिकाको समग्र विकास निर्माणको सम्बन्धमा स्थानीयहरुको राय, सुझाव, गुनासो संकलन गर्ने र सो उपर कार्यपालिकाका जिम्मेवार पदाधिकारी बाट सुनुवाई गर्ने उद्देश्यले लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०२।२२ गते बसेको बैठकबाट देहायको मिति, समय र स्थानमा ***सार्वजनिक सुनुवाई*** कार्यक्रमको आयोजना गर्ने निर्णय भएको हुँदा उक्त कार्यक्रममा वडाबाट अधिकतम् नागरिकहरुको सहभागिता सुनिश्चित हुने गरी व्यापक प्रचार प्रसारका लागि सार्वजनिक सूचना प्रकाशन गर्नुहुन साथै निर्वाचित पदाधिकारीहरु र वडा सचिवको अनिवार्य उपस्थितिको लागि अनुरोध छ ।

पुनश्च : वडा कार्यालयको तर्फबाट नागरिकहरुलाई प्रदान गरिएको सेवा, सुविधा र विकास निर्माणका गतिविधीहरुको विवरण समेत लिइ आउनुहुन ।

**कार्यक्रम**

मिति : २०८३ असार १ गते
समय : बिहान ७.०० बजे
स्थान : लिखु गाउँपालिका वडा नं. ४, प्रशासनिक भवन निर्माण स्थल

**सादर अवगतार्थ**

श्री अध्यक्ष ज्यू, लिखु गाउँपालिका, नुवाकोट ।
श्री उपाध्यक्ष ज्यू, लिखु गाउँपालिका, नुवाकोट ।

**बोधार्थ/कार्यार्थ**

श्री शाखा/उपशाखा प्रमुखहरु,
सबै, लिखु गाउँपालिका, नुवाकोट : सन्चालित कार्यक्रमहरुको प्रगति विवरण सहित अनिवार्य उपस्थिति हुनुहुन ।

(अशोक विष्ट)
प्रमुख प्रशासकीय अधिकृत

"सम्बृद्ध लिखुको आधार : कृषि, शिक्षा र पूर्वाधार"

email : likhu.nuwakot@gmail.com
website: www.likhumunnuwakot.gov.np